आज मिति २०७५ चैत्र ३ गते आईतबार दिनको २:०० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा ६८ औं कार्यपालिका बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहायबमोजिमका निर्णयहरु गरियो ।

**उपस्थिती**

| क्र.सं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर प्रमुख श्री मोहन बस्नेत | अध्यक्ष | |
| २. | नगर उपप्रमुख श्री बसन्ती तामाङ (डंगोल) | सदस्य | |
| ३. | १ नं. वडाका वडा अध्यक्ष श्री जय थापा मगर | सदस्य | |
| ४. | २ नं. वडाका वडा अध्यक्ष श्री रामचन्द्र क्षेत्री | सदस्य | |
| ५. | ३ नं. वडाका कार्यबाहक वडा अध्यक्ष श्री कर्ण बहादुर श्रेष्ठ | सदस्य | |
| ६. | ४ नं. वडाका कार्यबाहक वडा अध्यक्ष श्री सानुबाबु श्रेष्ठ | सदस्य | |
| ७. | ५ नं. वडाका वडा अध्यक्ष श्री श्याम बहादुर खत्री | सदस्य | |
| ८. | ६ नं. वडाका वडा अध्यक्ष श्री शंकर मान महर्जन | सदस्य | |
| ९. | ७ नं. वडाका वडा अध्यक्ष श्री हरि प्रसाद तिमल्सेना | सदस्य | |
| १०. | ८ नं. वडाका अध्यक्ष श्री राज कुमार लामा | सदस्य | |
| ११. | ९ नं. वडाका वडा अध्यक्ष श्री अमृका बलामी | सदस्य | |
| १२. | दलित वा अल्पसंख्यक सदस्य श्री रमापहरी | सदस्य | |
| १३. | दलित वा अल्पसंख्यक सदस्य श्री गौरी नेवा | सदस्य | |
| १४. | दलित वा अल्पसंख्यक सदस्य श्री राजेश परियार | सदस्य | |
| १५. | महिला सदस्य श्री लक्ष्मी भण्डारी | सदस्य | |
| १६. | महिला सदस्य श्री कविता खत्री | सदस्य | |
| १७. | महिला सदस्य श्री शारदा आचार्य | सदस्य | |
| १८. | महिला सदस्य श्री निर्मला मंग्राती | सदस्य | |
| १९. | महिला सदस्य श्री मिना मगर | सदस्य | |
| २०. | प्रमुख प्रशासकीय अधिकृत श्री टीकाराम ज्ञवाली | सचिव | |

**अन्य उपस्थिती** :-

१. वरिष्ठ अधिकृत श्री दिपक कुमार के.सी.

२. क.अ. श्री गीता तामाङ

मिति २०७५/१२/२ गते नगर प्रमुखज्यूबाट मिति २०७५/१२/३ गते नगर कार्यपालिकाको ६८ औं कार्यपालिका बोर्ड बैठकमा पेश गर्न आदेश भई नगरकार्यपालिका बाट निर्णयका लागी पेश भएका विषयहरु देहाय बमोजिम छन् ।

**तपसिल**

| सि नं | विषय | कानूनमा उल्लेख भएको व्यहोरा | निर्णय हुनुपर्ने व्यहोरा |
|---|---|---|---|
| १ | वैदेशिक भ्रमण सम्बन्धमा । | | • इजरायल सरकारको Muni world 2019 Global Brainstorming on Smart cities and Urban Securities सम्बन्धि कार्यक्रमको नियन्त्रणमा मिति २०७५/११/१३ देखि ऐ. २० गतेसम्म ८ दिनको बैदेशिक भ्रमणमा गएका पदाधिकारी एवं कर्मचारीहरु (वडा नं ५, ७ र ९ का वडा अध्यक्षहरु क्रमश श्याम बहादुर खत्री, हरि प्रसाद तिमिल्सेना, अमृका बलामी र कर्मचारीहरु प्रमुख प्रशासकीय अधिकृत टीकाराम ज्ञवाली र ईन्जिनियर मनोज बुढाथोकीलाई नियमानुसार खर्च भएको यातायात खर्च यस कार्यालयबाट विनियोजित पदाधिकारी तथा कर्मचारीहरुको भ्रमण शीर्षकबाट उपलब्ध गराउने र सो को समर्थनको लागी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गरी पठाउने । |
| २. | योजना संशोधन सम्बन्धमा । | | • मिति २०७५/७/२८ को ६१ औं कार्यपालिका बैठकबाट वृहत्त खानेपानी आयोजनाको लागी विनियोजित बजेट रु. १ करोड मध्येबाट पाइप खरिदको लागि रु. १७७००००।— विनियोजन गरिएकोमा पाइप खरिद गर्नु भन्दा अगाडि पानी टंकी निर्माण स्थलसम्म निर्माण सामाग्री पुऱ्याउन बाटोको आवश्यक पर्ने हुँदा पाइप खरिदको लागी विनियोजित उक्त बजेट रु. १७,७०,०००।— मध्येबाट ल.ई. अनुसार सडक निर्माणको खर्च गर्ने व्यवस्था मिलाउने । |
| ३. | परिक्षा शुल्क फिर्ता गर्ने सम्बन्धमा । | | • मिति २०७५/५/२३ को ५५ औं कार्यपालिकाको बैठकबाट कर्मचारी भर्ना सम्बन्धमा कार्यालय सहायक, नगर प्रहरी तथा सव ईन्जिनियर (प्राविधिक) सेवा करारमा लिन सूचना गरिएको तर हाल नेपाल सरकारबाट कर्मचारी समायोजन भै आउने क्रम भई रहेको हुँदा हाल उक्त विज्ञापन सूचनालाई रद्द गरी निवेदकहरुले आवेदन वापत बुझाएको शुल्क फिर्ता गर्ने निर्णय गरियो । |

| | | | |
|---|---|---|---|
| ४ | विविध | | • नेपाल मेडिसिटि सँग यस नगरपालिकाले स्वास्थ्य सेवा सम्बन्धमा सम्झौता गर्ने निर्णय गरियो ।<br>• दक्षिणकाली नगरपालिका वडा नं ७ स्थित बाघ भैरव प्रा.वि. र Hand in Hand Foundation Nepal एवं जुनकिरी सामुदायिक मोन्टेश्वरी स्कुललाई सरकारी जग्गा उपभोग तथा संरक्षण गर्न दिने सम्बन्धमा उचित निकासाको लागी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको कानुन अधिकृतसँग कानुनी परामर्श लिई उचित निकासाको लागी देहाय अनुसारको समितिले सहजिकरण गर्ने निर्णय गरियो ।<br>टीकाराम ज्ञवाली — संयोजक<br>हरि प्रसाद तिमिल्सेना — सदस्य<br>राज कुमार लामा — सदस्य<br>लक्ष्मी भण्डारी — सदस्य<br>दिपक कुमार के.सी. — सदस्य सचिव |